# कतारमा रोजगारदाताहरू परिवर्तन गर्न

## कामदारहरूको लागि मुख्य जानकारी

कतार राज्यका सबै कामदारहरूले आफ्नो करार अवधिमा कुनै पनि समय नो अब्जेक्सन प्रमाणपत्र (NOC) प्राप्त नगरी काम परिवर्तन गर्न सक्छन्।

NOC हटाउने कार्यले सबै कामदारहरूलाई समेट्छ भने, रोजगार करार अन्त्य गर्ने र काम परिवर्तन गर्ने नियमहरू विभिन्न वर्गका कामदारहरूको लागि फरक-फरक हुन्छन्।

**यदि तपाईं 2004 को श्रम कानून नं. 14 द्वारा समेटिएको निजी क्षेत्रमा काम गर्दै हुनुहुन्छ भने**

## काम परिवर्तन गर्नको लागि मैले कुन प्रक्रिया अपनाउनु पर्छ?

1. तपाईंले श्रम मन्त्रालय (MoL) को विद्युतीय सूचना प्रणाली मार्फत काम परिवर्तन गर्नको लागि एउटा आवेदन पेश गर्नुपर्नेछ। मन्त्रालयको वेबसाइटमा जानुहोस् र "रोजगारदाता परिवर्तन गर्नुहोस्" भन्ने फारामको एक प्रति प्रिन्ट गर्नुहोस्। आफ्नो र आफ्नो नयाँ रोजगारदाताबारे अनुरोध गरिएको सबै विवरणको साथ फाराम भर्नुहोस्, त्यसपछि त्यसमा हस्ताक्षर गर्नुहोस्। साथै आफ्नो नयाँ रोजगारदातालाई कम्पनीको आधिकारिक छाप लगाउन र फाराममा हस्ताक्षर गर्न भन्नुहोस्।
2. भरेर हस्ताक्षर गरिएको फाराम स्क्यान गर्नुहोस् वा एउटा फोटो खिच्नुहोस्, कतारी आइडी नम्बर (QID) र आफ्नो मोबाइल फोन नम्बर प्रयोग गरी MoL को विद्युतीय सूचना प्रणाली मा लगअन गर्नुहोस्। तपाईंले लगइन गर्न प्रयोग गर्नुहुने मोबाइल फोन नम्बर तपाईंको QID मा लिङ्क गरिएको हुनुपर्छ भन्ने याद गर्नुहोस्। तपाईं प्रणालीमा प्रवेश गरिसके पछि भरेर हस्ताक्षर गरेको "रोजगारदाता परिवर्तन गर्नुहोस्" भन्ने फाराम अपलोड गर्नुहोस् ।
3. तपाईंले आफ्नो आवेदन पेश गरिसके पछि प्रणालीले EC (रोजगारदाता परिवर्तन) नम्बर सिर्जना गर्नेछ जुन तपाईंको स्क्रिनमा देखा पर्नेछ। EC नम्बर धेरै महत्वपूर्ण हुन्छ, त्यसैले तपाईंले यसलाई लेखेर राख्नुहोस्, आफ्नो फोनबाट फोटो खिच्नुहोस्।
4. तपाईंको रोजगारी परिवर्तनको आवेदन मन्त्रालयले स्वीकृत गरेपछि तपाईंले मन्त्रालयबाट आफ्नो काम परिवर्तनको पुष्टि गर्ने र तपाईंको सूचना अवधिको बारेमा सूचित गर्ने SMS प्राप्त गर्नुहुनेछ। तपाईंको हालका रोजगारदाता र नयाँ रोजगारदाता दुबैले SMS प्राप्त गर्नेछन्।
   - यदि तपाईंले आफ्नो हालको रोजगारदातासँग दुई वर्ष वा सोभन्दा कम समय काम गर्नुभएको छ भने तपाईंको सूचना अवधि **1 महिनाको** हुनेछ।
   - यदि तपाईंले आफ्नो हालको रोजगारदातासँग दुई वर्षभन्दा बढी समय काम गर्नुभएको छ भने तपाईंको सूचना अवधि **2 महिनाको** हुनेछ।

   तपाईंको सूचना अवधिको समाप्ति मन्त्रालयको एसएमएस्मा संकेत गरिएको हुनेछ। तपाईंले सूचना अवधिका दौरान आफ्नो हालको रोजगारदाताको लागि काम जारी राख्नु पर्दछ।

5. तपाईंको सूचना अवधि समाप्त भएको तीन महिना भित्र तपाईंको नयाँ रोजगारदाताले तपाईंको रोजगार सम्झौताको विवरण बहु-भाषीक रोजगार सम्झौताको लागि MoL को डिजिटल प्रमाणीकरण प्रणाली माध्यमबाट पेश गर्नुपर्नेछ। यसले तपाईंको नयाँ रोजगार सम्झौता सिर्जना गर्नेछ जसमा तपाईं र तपाईंको नयाँ रोजगारदाता दुबैले हस्ताक्षर गर्न आवश्यक छ। तपाईं दुवैले हस्ताक्षर गरेपछि प्रमाणीकरणको लागि नयाँ रोजगारदाताले यसलाई MoLको डिजिटल प्लेटफर्ममा अपलोड गर्नेछन्। तपाईंको नयाँ रोजगारदाताले तपाईंलाई MoL द्वारा प्रमाणित गरेको करारको प्रतिलिपि दिनुपर्छ। तपाईंले यो MoL को वेबसाइटबाट पनि डाउनलोड गर्न सक्नुहुन्छ।
6. अन्तमा तपाईंको नयाँ रोजगारदाताले तपाईंको लागि नयाँ QID अनुरोध गर्न आन्तरिक Metrash सेवा मन्त्रालयको वेबपेजमा लग इन गर्नेछ। तपाईंको नयाँ रोजगारदाताले तपाईंलाई नयाँ QID दिनु पर्दछ।

## के मैले मेरो परीक्षण अवधिमा काम परिवर्तन गर्नको लागि उही प्रक्रिया अपनाउनुपर्छ?

तपाईं आफ्नो रोजगारदातासँग सहमत भएको परीक्षण अवधिले बाँधिएको हुनुहुनेछ भन्ने कुरा तपाईंको रोजगार सम्झौतामा तोकिएको हुनसक्छ। यद्यपि यो परीक्षण अवधि तपाईंको काम सुरु भएको मितिबाट छ महिनाभन्दा बढी हुनु हुँदैन र तपाईंले एउटै रोजगारदाताबाट एकभन्दा बढी परीक्षण अवधि प्राप्त गर्न सक्नुहुन्न।

यदि तपाईंले निम्न कुराको पालना गर्नुभयो भने परीक्षण अवधि भित्र रोजगार सम्झौता समाप्त गर्न सक्नुहुन्छ:

- तपाईंले आफ्नो काम छोड्ने योजना गर्नु कम्तिमा एक महिना अघि माथि वर्णन गरिए अनुसार रोजगार परिवर्तन गर्न MoL को विद्युतीय सूचना प्रणाली मार्फत आफ्नो आवेदन पेश गर्नुहोस्।
- तपाईंको नयाँ रोजगारदाताले तपाईंको हालको रोजगारदातालाई नियुक्ति शुल्कको एक अंश र हालको र नयाँ रोजगारदाताहरूद्वारा सहमत भएको स्तरमा एकतर्फी हवाई टिकटको क्षतिपूर्ति दिनुपर्छ, यद्यपि तपाईंको हालको आधारभूत पारिश्रमिकको दुई महिनाभन्दा बढी हुनु हुँदैन।
- मन्त्रालयले रोजगारी परिवर्तनको स्वीकृति दिएपछि तपाईंले MOL बाट आफ्नो काम परिवर्तनको पुष्टि गर्ने र तपाईंको सूचना अवधि बारे तपाईंलाई सूचित गर्ने SMS प्राप्त गर्नुहुनेछ। तपाईंको सूचना अवधिको समाप्ति SMS मा संकेत गरिएको हुनेछ। तपाईंले आफ्नो हालको रोजगारदातासँग अन्यथा सहमत नभएसम्म अन्तिम मितिसम्म आफ्नो हालको रोजगारदातासँग काम गरिरहनुपर्छ।

## म कसरी MoL को विद्युतीय सूचना प्रणालीमा पेश गरिएको आवेदनको स्थिति जाँच गर्न सक्छु?

तपाईंले MoL को विद्युतीय सूचना प्रणाली प्रयोग गरेर काम परिवर्तन गर्न आफ्नो आवेदन पेश गर्नु भएपछि निम्न लिङ्क मार्फत आवेदनको स्थिति जाँच गर्न सक्नुहुन्छ: http://ecai.adlsa.gov.qa/
लगइन गर्नको लागि आवेदन पेश गर्दा आफ्नो QID नम्बर र MoL को विद्युतीय सूचना प्रणालीद्वारा सिर्जना गरिएको EC नम्बर समावेश गर्न आवश्यक छ।

## यदि मैले मेरो हालको रोजगारदातासँग सूचना अवधि पूरा गरिन भने के हुन्छ?

यदि तपाईंले आफ्नो सूचना अवधि समाप्त हुनु अघि काममा नजाने निर्णय गर्नुभयो भने तपाईंले आफूले काम नगरेको सूचना अवधिको प्रत्येक दिनको लागि
आफ्नो हालको रोजगारदातालाई भुक्तानी गर्नुपर्नेछ।

यो प्रो रेटा आधारमा सूचना अवधिको बाँकी भागको लागि तपाईंको आधारभूत पारिश्रमिक बराबरको रकमको रूपमा हिसाब गरिन्छ। उदाहरणका लागि: यदि तपाईं आफ्नो सूचना अवधि समाप्त हुनु भन्दा दुई हप्ता अघि काम बन्द गर्न चाहनुहुन्छ र तपाईंको आधारभूत पारिश्रमिक QAR 1,500 प्रति महिना हो भने तपाईंले कानूनी रूपमा सम्झौता समाप्त गर्न आफ्नो रोजगारदातालाई QAR 750 तिर्नु पर्छ।

## के म मेरो हालको रोजगारदातासँग मेरो सूचना अवधि पूरा नगर्न सहमत हुनसक्छु?

हजुर, तपाईं र तपाईंको हालको रोजगारदाताले सूचना अवधि पूरा नगर्न सहमत हुन सक्नुहुन्छ। यस्तो अवस्थामा तपाईंले काम परिवर्तनको आफ्नो आवेदनमा तपाईं र तपाईंको हालको रोजगारदाताले हस्ताक्षर गरेको पत्र संलग्न गर्न सक्नुहुन्छ। हस्ताक्षर गरिएको पत्रमा तपाईं र तपाईंको हालको रोजगारदाताले सान्दर्भिक कानूनद्वारा तोकिएको सूचना अवधि पालन नगर्न तपाईंहरू दुवै सहमत हुनुहुन्छ भन्ने स्पष्ट रूपमा ध्यान दिनुपर्छ । MoL ले सूचना अवधि निर्धारण गर्दा आपसी सहमतिलाई ध्यानमा राख्नेछ।

## के मैले मेरो नयाँ रोजगारदातालाई रोजगारदाता परिवर्तन गर्नको लागि कुनै पनि प्रशासनिक खर्चहरू भुक्तान वा प्रतिपूर्ति गर्न आवश्यक छ?

पर्दैन, रोजगारदाता परिवर्तन गर्ने प्रक्रिया कामदारहरूको लागि नि:शुल्क छ। साथै, तपाईंले नयाँ QID जारी गर्नको लागि तपाईंको नयाँ रोजगारदातालाई कुनै पनि रकम तिर्न वा प्रतिपूर्ति गर्न आवश्यक **छैन।**

## के मेरो हालका रोजगारदाताले मैले काम परिवर्तन गर्नको लागि आवेदन पेश गरेपछि मेरो QID रद्द गर्न सक्छन्?

तपाईंले MoL को विद्युतीय सूचना प्रणाली मार्फत काम परिवर्तन गर्नको लागि आफ्नो आवेदन पेश गरिसके पछि तपाईंको हालको रोजगारदाताले तपाईंको QID रद्द गर्न वा झुटो फरार मुद्दा दायर गर्न सक्दैन।

## यदि मेरो हालको रोजगारदाताले काम परिवर्तन गर्न मैले आवेदन पेश गर्नु अघि मेरो QID रद्द गरे भने मैले के गर्न सक्छु?

यदि तपाईंले आवेदन पेश गर्नु अघि तपाईंको हालको रोजगारदाताले QID रद्द गरे भने तपाईंले पहिले MoL को गुनासो र प्रतिक्रियाहरूको लागि एकीकृत प्लेटफर्म वा MoL मा गएर उजुरी पेश गर्न आवश्यक छ।। मन्त्रालयले तपाईंको गुनासोको समीक्षा गरेपछि तपाईंले आफ्नो QID पुन: सक्रिय गर्न अनुरोध गर्दै श्रम सम्बन्ध विभागका प्रमुखलाई सम्बोधन गरेको अरबीमा हस्ताक्षर गरिएको पत्र पेश गर्नुपर्नेछ। पत्रमा तपाईंले आफ्नो QID पुन: सक्रिय गर्नको लागि किन अनुरोध गरिरहनुभएको छ भन्ने बारे संक्षिप्त व्याख्या समावेश गर्नुपर्छ। पत्रमा आफ्नो QID र मोबाइल फोन नम्बरहरू उल्लेख गर्न नभुल्नुहोस्। हस्ताक्षरित पत्रको अतिरिक्त तपाईंले आफ्नो QID को एक प्रति, तपाईंको QID रद्द भएको बारे सूचित SMS को एक प्रति र नयाँ काम प्रस्तावको प्रति पनि पेश गर्नुपर्छ। तपाईंको रेकर्डको लागि यी कागजातहरूको प्रति राख्न नभुल्नुहोस्।

तपाईंको QID पुन: सक्रिय गर्न MoL ले आन्तरिक मामिला मन्त्रालयसँग समन्वय गर्नेछ। तपाईंले Metrash मार्फत आफ्नो QID को स्थिति जाँच गर्न सक्नुहुन्छ।

तपाईंको QID पुन: सक्रिय भएपछि MoL को विद्युतीय सूचना प्रणाली प्रयोग गरेर काम परिवर्तन गर्न आवेदन दिन सक्नुहुन्छ।

## के म काम परिवर्तनको मेरो आवेदन रद्द गर्न सक्छु?

यदि तपाईंले MoL को विद्युतीय सूचना प्रणाली मार्फत काम परिवर्तन गर्न आवेदन पेश गर्नुभएको छ र तपाईंको आवेदनको अझै समीक्षा भईरहेको छ भने, तपाईंले उही प्रणाली मार्फत रद्द गर्न सक्नुहुन्छ। QID नम्बर र मोबाइल नम्बर प्रयोग गरेर MoL को विद्युतीय सूचना प्रणाली मा लगइन गर्नुहोस् ।

यदि तपाईंले मन्त्रालयबाट स्वीकृति प्राप्त गरेपछि र तपाईंको नयाँ रोजगार सम्झौता प्रमाणीकरण हुनु अघि काम परिवर्तन गर्नको लागि तपाईंको आवेदन रद्द गर्न चाहनुहुन्छ भने तपाईंले MoL लाई लिखित अनुरोध पेश गर्न आवश्यक छ। तपाईंले आफ्नो आवेदन रद्द गर्न अनुरोध गर्दै श्रम सम्बन्ध विभागका प्रमुखलाई सम्बोधन गरेको अरबीमा हस्ताक्षर गरिएको पत्र पेश गर्नुपर्छ। पत्रमा तपाईंले EC नम्बर, तपाईंको QID र मोबाइल फोन नम्बरको प्रतिलिपि सहित आफ्नो आवेदन रद्द गर्न किन अनुरोध गरिरहनुभएको छ भन्ने बारे संक्षिप्त व्याख्या समावेश गर्नुपर्छ।

## के मैले रोजगारदाता परिवर्तन गरेमा मेरो अन्तिम सेवा लाभहरू पाउन सक्छु?

यदि तपाईंले रोजगारीको कम्तिमा एक वर्ष पूरा गर्नुभएको छ र रोजगारदाता परिवर्तन गर्न चाहनुहुन्छ भने तपाईंको हालको रोजगारदाताबाट तपाईंको रोजगारी सम्झौतामा उल्लेख भए अनुसार कुनै पनि जम्मा भएको वार्षिक बिदा र अन्य लाभहरू सहित आफ्नो सेवाको अन्त्यको लाभहरू प्राप्त गर्ने अधिकार तपाईंसँग निहित छ।

## यदि मलाई मेरो पारिश्रमिक भुक्तान गरिएको छैन भने के मैले अझै पनि काम परिवर्तन गर्नु अघि सूचना दिनु पर्छ?

यदि तपाईंको हालको रोजगारदाताले आफ्नो कानुनी दायित्वहरू (जस्तै पारिश्रमिक भुक्तानी सहित) पूरा गरेको छैन भने तपाईंले श्रम कानूनको परिमार्जित धारा 51 अनुसार कुनै सूचना नदिई काम परिवर्तन गर्न सक्नुहुन्छ। तपाईंले MoL को श्रम सम्बन्ध विभागमा उजुरी पेश गर्नुपर्छ। तपाईंले यो मन्त्रालयको गुनासो र प्रतिक्रियाहरूको लागि एकीकृत प्लेटफर्म मार्फत गर्न सक्नुहुन्छ।

तपाईंसँग तपाईंको आवश्यक पारिश्रमिक, सेवा उपदानको अन्त्य (एक वर्षभन्दा बढी सेवा पछि) र कुनै पनि उचित वार्षिक बिदा प्राप्त गर्ने पूर्ण अधिकार छ भन्ने कुरा याद गर्नुहोस्। यदि तपाईंले कतार छाड्ने निर्णय गर्नुभयो भने तपाईंको देशमा फर्कनका लागि तपाईंको रोजगारदाताले फर्कने विमान टिकटको खर्च बेहोर्नु पर्छ।

## के म कतार छोडेर नयाँ काम सुरु गर्न फेरि आउन सक्छु?

यदि तपाईंले सूचना नदिई वा तपाईंको सूचना अवधि पूरा नगरी कतार छाड्नुभयो भने तपाईं एक वर्षको लागि कतारमा काममा फर्कन सक्नुहुने छैन। यस्तो अवस्थाबाट बच्न तपाईंले निम्न प्रक्रियाहरू पालना गर्नुपर्छ:

यदि तपाईं आफ्नो परीक्षण अवधिमा कतार छोड्न चाहनुहुन्छ भने:

- तपाईंले आफ्नो रोजगारदातालाई MoL को विद्युतीय सूचना प्रणाली मार्फत सूचित गर्नुपर्छ। सूचना अवधिका सम्बन्धमा तपाईंको रोजगारदातासँग सहमत हुनुपर्छ तर दुई महिनाभन्दा बढी हुनु हुँदैन।
- यदि तपाईं तपाईंको सूचना अवधि समाप्त नगरी छोड्न चाहनुहुन्छ भने तपाईंले तपाईंको रोजगारदातालाई सूचना अवधिको बाँकी भागको लागि आफ्नो आधारभूत पारिश्रमिकको रकम भुक्तान गर्नुपर्दछ, यदि यो रकम दुई महिनाको आधारभूत ज्याला भन्दा बढी नभएमा।

यदि तपाईं तपाईंको परीक्षण अवधिमा कतार छोड्न चाहनुहुन्छ भने:

- यदि तपाईंले रोजगारदातासँग दुई वर्ष वा सोभन्दा कम समय काम गर्नुभएको छ भने तपाईंले रोजगार सम्झौता समाप्त हुनुभन्दा एक महिना अघि आफ्नो रोजगारदातालाई MoL को विद्युतीय सूचना प्रणाली मार्फत सूचित गर्नुपर्छ।
- यदि तपाईंले रोजगारदातासँग दुई वर्षभन्दा बढी समय काम गर्नुभएको छ भने तपाईंले रोजगार सम्झौता समाप्त हुनुभन्दा दुई महिना अघि आफ्नो रोजगारदातालाई MoL को विद्युतीय सूचना प्रणाली मार्फत सूचित गर्नुपर्छ।
- यदि तपाईं माथिको सूचना अवधिको पालना नगरी कतार छोड्न चाहानुहुन्छ भने तपाईंले रोजगारदातालाई सूचना अवधिको बाँकी भागको लागि आफ्नो आधारभूत पारिश्रमिकको रकम क्षतिपूर्ति दिनुपर्छ।

## के मेरो रोजगारदाताले मेरो रोजगार सम्झौता खारेज गर्न सक्छ?

हजुर, तपाईंको रोजगारदाताले तपाईंको रोजगार सम्झौता पनि खारेज गर्न सक्छन्।

1. परीक्षण अवधिमा यदि तपाईंको रोजगारदाताले तपाईंलाई तपाईंको रोजगार सम्पर्कमा तोकिए अनुसार "आफ्नो काम कर्तव्यहरू पूरा गर्न अयोग्य" फेला पारेमा तपाईंको रोजगारदाताले सम्झौता समाप्त गर्न सक्छ तर समाप्त हुनुभन्दा कम्तिमा एक महिना पहिले तपाईंलाई **MoL** को विद्युतीय प्रणाली मार्फत सूचित गर्नुपर्छ।

   यदि रोजगारी सम्झौता समाप्त भएपछि तपाईंले आफ्नो स्वदेश फर्कने निर्णय गर्नुभयो भने रोजगारदाताले फर्कने विमान टिकटको खर्च बेहोर्नुपर्छ।

2. परीक्षण अवधि पछि यदि तपाईंको रोजगारदाता तपाईंको रोजगार सम्झौता समाप्त गर्न चाहन्छन् भने उसले/उनले तपाईंलाई **MoL** को विद्युतीय प्रणाली मार्फत सूचित गर्नुपर्छ।
   - यदि तपाईंले रोजगारदातासँग दुई वर्ष वा सोभन्दा कम समय काम गर्नुभएको छ भने सूचना अवधि एक महिनाको हुन्छ।
   - यदि तपाईंले रोजगारदातासँग दुई वर्षभन्दा बढी समय काम गर्नुभएको छ भने सूचना अवधि दुई महिनाको हुन्छ।

सूचना अवधिमा तपाईं र तपाईंको रोजगारदाता दुबैले रोजगार सम्झौताका सर्तहरू पालना गर्नुपर्छ

## के मेरो रोजगारदाताले सूचना अवधि नहेरी मेरो रोजगारी सम्झौता समाप्त गर्न सक्छन्?

यदि रोजगारदाताले सूचना अवधिको पालना नगरी तपाईंको सम्झौता समाप्त गरे भने उसले/उनले तपाईंलाई सूचना अवधि वा सूचना अवधिको बाँकी अंशको लागि तपाईंको आधारभूत पारिश्रमिक बराबरको क्षतिपूर्ति भुक्तानी गर्नुपर्छ।

उदाहरणका लागि: यदि तपाईंको आधारभूत पारिश्रमिक प्रति महिना QAR 1,500 छ र तपाईंको रोजगारदाताले तपाईंलाई एक महिनाको सूचना अवधि समाप्त हुनु दुई हप्ता अघि काम बन्द गर्न अनुरोध गरेमा तपाईंको रोजगारदाताले तपाईंलाई कानूनी रूपमा सम्झौता समाप्त गर्न QAR 750 तिर्नुपर्नेछ।

## के मेरो रोजगारदाताले रोजगार सम्झौता समाप्त भएपछि मेरो स्वदेश फर्कने हवाई टिकटको लागि तिर्नु पर्छ?

तपाईंको रोजगारदाताले तपाईंको सम्झौताको म्याद समाप्त भएको अधिकतम दुई हप्ता भित्र तपाईंको स्वदेश फर्कने गर्ने हवाई टिकटसहित अन्य प्रक्रियाहरू पूरा गर्नुपर्छ। यदि तपाईंले देश छोड्नु अघि अर्को रोजगारदातासँग काम थाल्नु भयो भने स्वदेश फिर्ताको दायित्व नयाँ रोजगारदातामा हुनेछ।

सूचना अवधिको सम्मान गर्दै तपाईंले सम्झौता रद्द गरी कतार छोड्ने योजना बनाउनुभएको अवस्थामा (श्रम कानूनको परिमार्जित धारा 51 को दायरा बाहिर), तपाईंको रोजगारदाताले तपाईंले सम्झौताको पूर्ण अवधिमा पूरा गर्नुभएको रोजगार अवधिको समानुपातिक फर्कने हवाई टिकटको लागतको अंश मात्र बेहोर्नेछन्। उदाहरणका लागि: यदि तपाईंले एक वर्ष काम गरेपछि आफ्नो दुई-वर्षको रोजगार सम्झौता समाप्त गर्नुभयो भने रोजगारदाताले फर्कने हवाई टिकटको कुल लागतको आधा बेहोर्ने छन् ।

## विशेष कानूनहरूद्वारा समेटिएका कामदारहरूको लागि

# घरेलु कामदारहरूको लागि रोजगारी समाप्त गर्ने र परिवर्तन गर्ने नियमहरू के छन्?

घरेलु कामदारहरूका लागि रोजगारी खारेज गर्ने र परिवर्तन गर्ने नियमहरू 2004 को श्रम कानून संख्या 14 द्वारा समेटिएका निजी क्षेत्रका कामदारहरूका लागि समान छन्। यी नियमहरू दर्शाउने घरेलु कामदारहरूको लागि एक अद्यावधिक मानक रोजगार सम्झौता अपनाईएको छ। यद्यपि घरेलु कामदारहरूको लागि परीक्षण अवधि 3 महिना भन्दा बढी हुन सक्दैन भन्ने स्मरण रहोस्। अझै एक जना घरेलु कामदारले एउटै रोजगारदातासँग एउटा परीक्षण अवधि मात्र पाउन सक्छ।

यदि कामदारले रोजगार सम्झौता वा घरेलु कामदार सम्बन्धी 2017 को कानून संख्या 15 को धारा 11 र 16 मा वर्णन गरिएका दायित्वहरूको पालना नगरेमा घरेलु कामदारका रोजगारदाताहरूले सूचना बिना नै एकतर्फी रूपमा र बर्खास्त भएको वर्षको लागि सेवा उपदान प्रदान नगरी रोजगार सम्झौता समाप्त गर्न सक्नेछन्।

अझै घरेलु कामदारहरू सम्बन्धी 2017 को कानून संख्या 15 को धारा 17, द्वारा निर्दिष्ट मामिलाहरूमा घरेलु कामदारहरूले बिना सूचना बिना सम्झौता अवधिमा सेवा उपदानको अन्त्य, यथानुपात वार्षिक बिदाको बक्यौता र आफ्नो स्वदेश फर्कने हवाईजहाज टिकटको आफ्नो अधिकार कायम राख्दै जुनसुकै बेला आफ्नो रोजगारी सम्झौता एकतर्फी रूपमा समाप्त गर्न सक्नेछन्।

# कृषि, वस्तु चराउने कामदारहरू र माछा मार्नेहरूको लागि रोजगारी समाप्त गर्ने र परिवर्तन गर्ने नियमहरू के छन्?

कृषि, वस्तु चराउने कामदारहरू, साथै माछा मार्नेहरूका लागि काम समाप्त गर्ने र परिवर्तन गर्ने नियमहरू 2004 को श्रम कानून संख्या 14 द्वारा समेटिएका निजी क्षेत्रका कामदारहरूका लागि जस्तै छन्।

यदि तपाईंलाई थप विवरणहरू चाहिएमा 2004 को श्रम कानून संख्या 14 को केही प्रावधानहरू कृषि र वस्तु चराउने कामदारहरूलाई लागू गर्ने बारे 2012 को मन्त्रिपरिषद्को प्रस्ताव संख्या 17 हेर्नुहोस्।

## यदि मेरो हालको रोजगारदाताले मलाई अर्को रोजगारदातामा जानबाट रोकिरहेको छ वा मलाई थप जानकारी चाहिएमा मैले के गर्नुपर्छ?

यदि तपाईंलाई हालको रोजगारदाताले काम परिवर्तन गर्न अनावश्यक रुपमा रोकिरहेको छ वा तपाईंलाई विस्तृत जानकारी आवश्यकता छ जस्तो लाग्छ भने श्रम मन्त्रालयको श्रम सम्बन्ध विभाग हटलाइनमा (**40288101**), इमेलबाट (info@mol.gov.qa) सम्पर्क गर्नुहोस् वा हाम्रो कार्यालयहरूमा आउनुहोस्। तपाईंले गुनासो र प्रतिक्रियाहरूको लागि एकीकृत प्लेटफर्म प्रयोग गरेर पनि मन्त्रालयमा उजुरी पेश गर्न सक्नुहुन्छ।